## १.परिचय :

सरकारी तथा अन्य संघसंस्थाले प्रवाह गरेका सेवा तथा स्थानीय विकास निर्माण सम्वन्धमा स्थानीय नागरिकहरुले कसरी लिइ रहेका छन् ? उनीहरुको गुनासो तथा प्रतिक्रिया के छ ? सेवा प्रवाहको सम्वन्धमा उनीहरुलाई परेको समस्या तथा जिज्ञासा के छ ? भनेर जनताको राय बुझ्ने तथा प्राप्त प्रतिक्रियाको आधारमा आगामी दिनमा कमी कमजोरीहरुलाई सच्याउँदै प्रभावकारी तवरले सेवा प्रवाह गर्ने सार्वजनिक सुनुवाईको मुख्य उद्देश्य हो । यसै क्रममा जिल्ला विकास समिति लमजुङको आयोजनामा जिल्लाको बन्सार, फलेनी  र ढोडेनी गाविसहरुलाई लक्षित गरी मिति २०७१ फागुन ३० गते सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो ।  उक्त सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भैसकेको अवस्थामा सो सम्बन्धी जानकारी दिने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

## २.उद्देश्यहरु :

कार्यक्रकम आयोजना गर्नुका उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएको थियो :

- जिल्ला विकास समितिले गरेका काम कारवाही, सेवा प्रवाह, साधनश्रोत, योजना एवम् कार्यक्रम जस्ता सार्वजनिक चासोका विषयबारे सरोकारवाला एवं सेवाग्राहीलाई  जानकारी गराउने ।
- जिल्लाका विषयगत कार्यालय खास गरी जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशुसेवा कार्यालयको सेवा प्रवाह सम्वन्धमा समेत सुनुवाई गर्ने ।
- सार्वजनिक चासोका विषयमा नीति निर्माण, योजना/बजेट तर्जुमा, निर्णय गर्दा जनताको व्यापक सहभागिता प्रबर्द्धन गर्दै लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीका पीरमर्का, गुनासोहरु पहिचान गरी समन्वयात्मक रुपमा उक्त गुनासाहरुको उचित व्यवस्थापन गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीका माग, पीरमर्का, गुनासाहरु के कति समाधान हुन सके र के कति कहाँबाट कसरी हुन सक्ने हो विकल्पसहितको उपाय खोजी गर्ने ।
- सरोकारवाला एवं सेवाग्राहीबाट सुझावहरु लिई सोका आधारमा सरकारी कार्यालयहरुमा उपयुक्त कार्यप्रणली र ढाँचा विकास गर्ने ।
- सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शी बनाउँदै सुशासनमा सहयोग पुर्‍याउने ।
- सेवा प्रदायक र सेवाग्राही विच रहेको सम्वन्धालाई अझ नजिक बनाउने ।
- उपभोक्ता समिति लगायतका संघसंस्थाले जिम्मेवारी लिई स्थानीय तहमा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुर्‍याउने ।

## ३.कार्यक्रम सञ्चालन मिति, स्थान र समय :

उक्त सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७१ फागुन ३० गतेका दिन बन्सार गाविस ५ स्थित श्री फलेनी माविको प्राङ्गणमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम दिउसो १२.३० बजेदेखि ४.०० बजेसम्म सञ्चालन भएको थियो ।

## ४.कार्यक्रमका सहभागीहरु :

कार्यक्रममा स्थानीय विकास अधिकारी श्री विष्णु प्रसाद शर्मा, कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेल, विषयगत कार्यालयका प्रतिनिधिहरु, गाविस सचिवहरु, गाविसका राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, तीन नागरिकहरु, सामाजिक परिचालकहरु, पत्रकार गरी ६४ जनाको उपस्थिति रहेको थियो ।

**५.कार्यक्रम व्यवस्थापन :**
कार्यक्रमको अध्यक्षता बन्सार गाविस सचिव श्री टिकाकुमारी ढकालले गर्नुभएको थियो भने सहजीकरण जिल्ला विकास समितिका कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय विकास अधिकारी श्री विष्णु प्रसाद शर्माको मूख्य उपस्थिति रहेको थियो । कार्यक्रका सहजीकरण गर्ने सहजकर्ताले उद्देश्य तथा आचार संहिताबारे बताउनु भएको थियो । कार्यक्रम अपरान्ह १२.३० बजे शुरु भई ४.०० बजे समापन भएको थियो । कार्यक्रम स्थलमा आवश्यक फर्निचरहरुको व्यवस्था भएको थियो । जिविसको तर्फबाट सवै सहभागीहरुलाई खाजा नास्ताको प्रवन्ध गरिएको थियो ।

**६.सेवाग्राहीहरुको प्रतिक्रिया संकलन :**
सेवाग्राही नागरिकहरुबाट कार्यालयहरुबाट सेवा लिन क्रममा आफूले भोगेका समस्या, लागेका जिज्ञासा, गुनासाहरु तथा राय सुझावहरु संकलन गर्ने कार्य गरिएको थियो । यस क्रममा मुख्य गरी निम्नानुसारका विषयमा सहभागीहरुले प्रतिक्रिया दिएका थिए ।

- योजना तथा कार्यक्रमहरु दुर्गम बस्तीहरुमा पुग्नु पर्ने सम्वन्धमा ।
- युवा लक्षित तथा आम्दानी बढ्ने खाले कार्यक्रमहरु ल्याउनु पर्ने सम्वन्धमा
- गाविस सचिवहरुले गाविसबाट सेवा दिने कार्य नभएको सम्बन्धमा ।
- कार्यालयमा जाँदा सेवाग्राहीलाई सम्मानजनक व्यवहार नदेखाइएको बारे ।
- विद्यालायहरुको दरबन्दी सम्वन्धमा

यस क्रममा निम्न सेवाग्राही नागरिकहरुबाट निम्नानुसारका सुझाव, जिज्ञासा र गुनासा तथा विचारहरु आएका थिए ।

**श्री प्रेम बहादुर गुरुङ, फलेनी ९, लप्सिबोट**

- शिक्षा क्षेत्र अस्तव्यस्त भयो । पूल दरबन्दीका शिक्षकहरुलाई दुर्गम विद्यालयहरुमा पठाउनु पर्ने ।
- स्वास्थ्य चौकीका अहेवलाई काजमा कति समय राख्नु पर्ने हो ? काज फिर्ता गरिदिनु पर्दैन ?
- फलेनी बन्सारको लागि रेञ्जपोष्ट नभएकोले अवैध रुपमा जडीबुटी र काठ अवैध तस्करी भै रहेको छ ।
- गाविसको पूँजीगत बजेटको दोश्रो किस्ता निकासा भयो कि भएन ?
- पशुसेवाबाट दिनुपर्ने सेवा सुविधा कुना काप्चा सम्म पुग्न सकेको छैन ।
- चिती गाविसमा रहेको प्रहरी चौकीले कति गाविस हेर्नु पर्ने हो ? सुरक्षा र अराजकता नियन्त्रणको लागि हिलेबेसीमा प्रहरी चौकी हुनु पर्ने ।
- गाउँमा जुवातास, विकृति बढ्दो छ । नियन्त्रण कसरी गर्ने हो ?
- २ वर्ष पहिले फलेनी नागी खापामा ३९ लाख खर्च भएको भन्ने सुनिन्छ । यसको खर्च सार्वजनिक गरी अनुमोदन हुनु पर्ने ।
- जलविद्युत कम्पनीहरुले प्रभावित क्षेत्रमा गर्ने Social mitigation को काम र बजेट पारदर्शी हुनु पर्ने ।

**श्री बुधमाया गुरुङ, बन्सार ५**

- बन्सार गाविसको वडा नं ५ मा दुइटा गाउँ छ । वडाको बजेटबाट जहिले पनि माथिको गाउँलाई बजेट पर्छ । बेसीको गाउँमा योजना नै पर्दैन के गर्ने होला ?
- बेसीमा खानेपानी योजना मर्मत गरिदिनु पर्‍यो । सिंचाइको पनि असुविधा छ ।

**श्री रामचन्द्र तामाङ बन्सार ३**

- कृषि प्रधान देश भए पनि सिंचाईको सुविधा हुन सकेन । सिंचाईको लागि पाइपहरु दिनु पर्‍यो ।
- बन्सार ३ पुरानो दुवारमा ६८ घरधुरी छौं तर आज सम्म कुनै योजना परेको छैन ।

- विदेशमा गएका युवाहरुलाई स्वदेशमा स्वरोजगार सिर्जना गर्न अलैंचीमा जोड दिनु पर्ने ।
- सिताके च्याउ खेती गर्न खोजेको छु । आवश्यक सहयोग हुनु पर्‍यो ।
- वडा नं ३ मा विद्युत विस्तारको लागि लाइन ताने पनि विजुली बत्ति बाल्न सकिएन ।

**श्री लालमाया मिजार बन्सार २**

- गत वर्ष महिला सहकारीले मौरी पालन गर्ने भनि सहयोगको लागि प्रोपोजल लिएर कृषि कार्यालय गयौं । कृषिले जिविसमा पठायो । जिविसमा जाँदा एलडिओको कार्य कक्षमा छिर्न पनि पाइएन । महिला भनेर हेपेको हो कि ? पछि कृषिमा ल्याएर बुझायौं तर पछि कृषिमा प्रोपोजल हरायो भन्ने सुनियो । गाविस देखि जिविस सम्म पुग्दा पनि योजना पार्न सकिएन ।

**श्री लालकाजी श्रेष्ठ नौथर २ सेरा**

- २०६९।०७० मा माटो परीक्षण गरिएता पनि परीक्षण प्रतिवेदन हालसम्म पनि प्राप्त हुन सकेन । प्रतिवेदन जानकारी हुनु पर्‍यो ।
- रिठ्ठेबगरबाट छोटेखोलाको बाटो ६ मिटर बनाउने हो भने बढाउँदा घरजग्गाको मुअब्जा दिनु पर्‍यो । अन्यथा बाटोको चौडाई यथावत राख्नु पर्ने ।

**श्री सुब्बा गुरुङ, ढोडेनी ३**

- माटो परीक्षण गरी कुन माटोमा कस्तो खेती गर्न सकिन्छ कृषकहरुलाई जानकारी दिनु पर्ने ।
- ९।१० वटा प्राविका शिक्षकहरु केही मिहीनेत गरेर पढाउने, अधिकांश मोजमस्ती गरेर हिंड्ने गरेका छन् । विद्यालयमा नियमित हुनु पर्‍यो ।
- ढोडेनी स्वास्थ्य चौकीको सेवा प्रभावकारी बनाउनु पर्ने । यो क्षेत्रमा एम्बुलेन्सको व्यवस्था हुनु पर्‍यो ।
- सिंचाई र खानेपानीको लागि कहिले र कहाँ सम्पर्क गर्नु पर्ने हो ? खानेपानी डिभिजनबाट एउटा पनि योजना परेको छैन । खानेपानीको साह्रै दुःख छ ।
- विद्युतको लागि जिविसले दिएको सामान गाउँमा ल्याउनको लागि ढुवानी खर्च जुटाउनै गाह्रो भयो । संरचना तयार भए पनि बत्ति बाल्न सकिएन । TF उदिपुर प्राधिकरणमा राखिएकोमा विद्युत उपभोक्ता संस्थाले हराइदियो र हामीले पुनः अको TF खरीद गर्न बाध्य भयौं ।

**श्री गज बहादुर गुरुङ, ढोडनी २**

- तीन गाविसको विद्युतीकरणको लागि मेमेपोखरी सहकारी संस्थाले काम गरिरहेको छ । पोल गाड्दैछ ।
- १५ प्रतिशत थप गरेर ३६ लाख रुपैया जम्मा गर्नु पर्ने अवस्था छ । दोश्रो चरणमा २ करोड लगानी हुँदैछ । ९०।१० अन्तर्गत उपभोक्ताले २० लाख उपलब्ध गराउनु पर्ने अवस्था छ । बन्सारको ३ वटा वडामा वायरिङ भै सकेको छ । TF पनि आएको छ ।

**श्री पूर्ण बहादुर गुरुङ, फलेनी ७**

- गाविस सचिवले गाउँमै बसेर सेवा दिनु पर्ने । मृत्यु दर्ता गर्न पनि सदरमुकाम जानु पर्ने बाध्यता छ ।

**सुनिल घले, ढोडेनी ६**

- ढोडेनीमा सामुदायिक अध्ययन केन्द्र कहाँ कहिलेबाट सञ्चालन भएको छ ? कुन विधानबाट बनेको हो ?
- गत वर्ष प्रौढ शिक्षाले कक्षा सञ्चालन गर्दाको पारिश्रमिक पाइएन ।
- युवा स्वरोजगार अनुदान फारम कहिले र कहाँ पाइन्छ ?
- ढोडेनी फलेनीमा मोवाइल नेटवर्कको समस्या छ ।

**श्री मिलन मिजार, बन्सार**

- ०७०।०७१ मा दलित उत्थान समितिको भवनको लागि गाविसबाट छुट्टिएको रकम एक लाख पाइएन । के भएर यस्तो भयो ?
- रोजमेरी खेती आएको छ । कस्तो खेती हो ? यो क्षेत्रमा हुन्छ हुँदैन ? यो खेतीलाई कसरी व्यवस्थित गर्ने हो ? मार्केट पाउँछ पाउँदैन ? जानकारी दिनु पर्‍यो ।

**श्री महिमान गुरुङ, नौथर १**

- मालपोत कार्यालयमा काम लिएर जाँदा लेखनदासले गाउँका सिधासादाबाट मनलाग्नी शुल्क लिने गरेको छ । शुल्क तोकिदिनु पर्‍यो ।

**श्री मेखरासी गुरुङ, ढोडेनी ३**

- गणेश प्राविको प्रअ ३ महिनामा १।२ चोटी मात्र आउँछ । विद्यालयको लेटरप्याड, छाप सवै उसैसित हुन्छ । घर लाने हो कि स्कूलमा हुनु पर्ने हो ? स्पष्ट पारिदिनु पर्‍यो ।

**श्री बोधलाल श्रेष्ठ, फलेनी १**

- पहिले भएको श्रोत केन्द्र द्वन्द्वको बेला हट्न पुग्यो । अव श्रोतकेन्द्र स्थापना गर्न सकिन्छ कि सकिंदैन ?
- उदीपुर रिठ्ठेबगर तिलाहार फलेनी सडकमा जिविसबाट विनियोजन भएको बजेट कहिल्यै पनि फलेनी क्षेत्रमा खर्च हुन पाउँदैन । तल तलै सकिन्छ । सडक विभागबाट पनि यो वर्ष ११ लाख बजेट परेको भन्ने सुनिन्छ । उक्त बजेट पनि कता खर्च हुने हो ?

## ८.सेवाप्रदायक संस्थाहरुबाट स्पष्ट पार्ने र प्रतिबद्धता व्यक्त गर्ने कार्य

सेवाग्राहीहरुबाट जिज्ञासा, गुनासा, र सुझाव प्राप्त भै सकेपछि उठेका सवालहरुमा आ आफ्नो कार्यालयसंग सम्वन्धित विषयबस्तुहरुमा सम्वन्धित कार्यालय प्रमुख तथा प्रतिनिधिहरुले स्पष्ट पार्ने, जवाफ दिने कार्य भएको थियो । आएका कतिपय सुझावहरुलाई मनन् गरी आगामी दिनमा सच्याउँदै लैजाने प्रतिवद्धता समेत व्यक्त भएका थिए । कार्यक्रममा खास गरी स्थानीय विकास अधिकारी श्री विष्णु प्रसाद शर्माले सवै सहभागीबाट राखिएका जिज्ञासाहरुलाई स्पष्ट पार्ने कार्य गर्नु भएको थियो । र सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

## ९. समापन :

कार्यक्रमको समापन सत्रमा कार्यक्रमका अध्यक्षता गरिरहनु बन्सार गाविसका सचिव श्री टिकाकुमारी ढकालले सवै सहभागीहरुलाई धन्यवाद दिंदै कार्यक्रम समापन गर्नु भएको थियो ।

**समाप्त**

***अनुसूचीहरु :***

१. सम्वन्धित तस्वीरहरु

२. कार्यक्रमको उपस्थिति :

अनुसूची १ :
मिति २०७१।१२।३० मा बन्सार ५ हिलेबेसीमा गरिएको
सार्वजनिक सुनुवाई कार्यक्रमका तस्वीरहरू







